# श्री चरिङ्गे सामुदायिक वन उपभोक्ता समूह
# सरुमारानी गाउँपालिका २, प्यूठान ।
## काठ / दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१।०३।३१**

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८०।०८१ मा डिभिजन वन कार्यालय प्यूठानबाट संकलन सहमति लिई नियमानुसार संकलन गरी मालेवगर भन्ने स्थानमा घाटगद्दी गरी राखेको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उधोग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका स:मील, उधमी / काष्ठको कारोवार गर्ने डिभिजन वन कार्यालयमा सूचिकृत फर्महरुले यो सूचना तिलोतमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**१. लिलाम सम्बन्धि वन पैदावारको विवरण**

| लट नं. | प्रजाती | ग्रेड | गोलिया.थान | ईकाई | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | बी | ४ | क्यू.फि. | २८.२१ | २५,३८९/- | |
| | साल | सी | १८ | क्यू.फि. | ६९.११ | ४१,४६६/- | |
| | साल | डी | ३ | क्यू.फि. | ४.३९ | १,३१७/- | |
| | अस्ना | ए | ४५ | क्यू.फि. | ७६१.३९ | ३,०४,५५६/- | |
| | अस्ना | बी | ४३ | क्यू.फि. | ३६९.५६ | १,१०,८६८/- | |
| | अस्ना | सी | २९ | क्यू.फि. | १३३.७७ | १३,३७७/- | |
| | कर्मा | बी | २ | क्यू.फि. | २१.३९ | ६,४१७/- | |
| | कर्मा | सी | ७ | क्यू.फि. | २८.७९ | २,८७९/- | |
| | वैदारो | -. | १४ | क्यू.फि. | ६४.२६ | ६,४२६/- | |
| | मिश्रित दाउरा (साल, अस्ना,, वैदारो) | | | चट्टा | २.०० | १६,०००/- | |

२. वोलपत्र खरीद कार्य डिभिजन वन कार्यालय प्यूठान तथा यस समूहको कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रति वोलपत्र फारम रु. २,०००।– यस समूहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१९७८००००० १ मा दाखिला गरेको बैंक भौचर, निवेदन / पत्र तथा उधम सम्बन्धि आवश्यक कागजात संलग्न गरी कार्यालय समय भित्र खरीद गर्न सकिनेछ र सो दिन विदा परेमा लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ ।

३. गोप्य शिलबन्दी वोलपत्र दाखिला कार्य वोलपत्र खरिदको अन्तिम दिनको भोलिपल्ट विहान १२:०० बजेसम्म तोकिएको म्यादभित्र जुनसुकै दिन यस समूहको कार्यालयमा (वा डिभिजन वन कार्यालयमा) गर्न सकिनेछ र वोलपत्र दाखिलाको दिन विदा परेमा कार्यालय खुलेको दिनमा तोकिएको समयभित्र दाखिला गर्न सकिनेछ ।

४. सकारकर्ताले सकार रकममा संकलन खर्च वोलपत्रमा उल्लेख भए वमोजिम थप बुझाउनु पर्नेछ ।

५. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान भैट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नायाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा बोलपत्रमा सकार मूल्यको १०% ले हुने रकम यस समूहको नेपाल बैंक लिमिटेड खलगा शाखा प्यूठानमा रहेको माथि उल्लेखित खातामा दाखिला गरेको सक्कलै भौचर संकलन गर्नु पर्ने छ । अन्यथा वोलपत्र मूल्याँकनमा समावेश गरिने छैन ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्ने छ ।

७. रित पूर्वक पर्न आएको वोलपत्रहरु २०८१।०४।२३ गते दिनको १:०० वजे उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय तथा स्थानिय तह, सरकारी कार्यालयको रोहवरमा खोलिने छ ।

८. खोलिएका वोलपत्रहरु नियमाअनुसार मूल्यांकन गरी लिलाम स्वीकृत भई डिभिजन वन कार्यालय प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कर तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिलाई हुनेछ ।

११. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।